# स्थानीय राजपत्र

## सिद्धार्थनगर नगरपालिकाद्वारा प्रकाशित

खण्डः १०) सिद्धार्थनगर रुपन्देही, नेपाल, आषाढ २६, २०८३ साल

## भाग १

**सिद्धार्थनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सिद्धार्थनगर, रुपन्देही, नेपालको**

**सूचना**

नेपालको संविधान बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको **सिद्धार्थनगर नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ लाई प्रथम संशोधन गर्न बनेको ऐन, २०८३** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको ऐन नं. २

## वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ लाई प्रथम संशोधन गर्न बनेको ऐन, २०८३

**प्रस्तावनाः वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७** लाई संशोधन वाञ्छनीय भएकोले, नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) "**वातावरण तथा प्राकृतिक स्रोत संरक्षण (प्रथम संशोधन) ऐन २०८३"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. मुल ऐनको दफा २ को परिभाषा खण्ड (ड) मा संशोधनः**

१. स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था भन्ने वाक्य **पश्चात सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिका कार्यालय** भन्ने वाक्य थप गर्ने।

**३. मूल ऐनको दफा ६ को उपदफा ३ मा संशोधनः**

**१.** प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनिकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित भन्ने वाक्य **पश्चात नगरपालिकाको सम्बन्धित प्राबिधिक शाखाले नगर कार्यपालिका समक्ष** भन्ने बाक्य थप गर्ने ।

**४. मुल ऐनको दफा ६ को उपदफा ८ मा संशोधनः**

**१. सम्वन्धित निकायबाट** भन्ने वाक्य हटाइ **नगर कार्यपालिका** भन्ने थप गर्ने ।

**५. मुल ऐनको दफा ६ को उपदफा १० मा संशोधनः**

**१० हटाइको**

**६. मुल ऐनको दफा ६ को उपदफा १०क थप गरी संशोधनः**

**१.**दफा ६ को १० क थप **गरी संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा प्रस्तावक नगरपालिका आफै भएको भएतापनि नगर कार्यपालिकाले स्वीकृत गर्न सक्नेछ भन्ने वाक्य थप गर्नुपर्न ।**

**आज्ञाले:**

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत